# नेपाल उद्योग वाणिज्य महासंघ
## Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI


मितिः २०७७/२/२०

**श्री अध्यक्षज्यू,**
**जिल्ला/नगर उद्योग वाणिज्य संघहरू**
**वस्तुगत संघहरू**
**द्विराष्ट्रिय उवासंघहरू**
**एशोसिएट सदस्यहरू**
**नेपाल उद्योग वाणिज्य महासंघ ।**

विषयः **जानकारी गराइएको सम्बन्धमा**

**महोदय,**

यस महासंघका अध्यक्ष श्री भवानी राणाको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छा, उपाध्यक्ष श्री किशोर प्रधान सहितको महासंघको प्रतिनिधिमण्डलले कोभिड रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति(सीसीएमसी)का पदाधिकारीसंग आज सिंहदरवारमा भेटगरी देहायका विषयमा महासंघको तर्फबाट गम्भीर ध्यानाकर्षण गराएको व्यहोरा महोदयमा जानकारी गराउँदछु ।

**क. लकडाउनको विषयः**

महासंघको प्रतिनिधिमण्डलले सीसीएमसी समक्ष सुरक्षा संवदेशनशीलता र अर्थतन्त्रलाई चलायमान बनाउन लकडाउनको समयसिमा र मोडालिटी वारे गम्भीर पुनर बिचार गर्न आग्रह गरयो । जारी लकडाउनबाट मुलुकले निकै ठूलो क्षति व्यहोरेको, कूल गार्हस्थ उत्पादनमा करिव ४ प्रतिशतको आर्थिक नोक्सानी भैसकेको, लाखौ मानिसहरू बेरोजगार भएका, उद्योग व्यवसाय थला पर्न थालेका र मानिसहरूको न्यूनतम बांच्ने आधार समेत कमजोर बन्दै गएकाले लकडाउनको मोडालिटी परिवर्तन गरी उद्योग व्यवसाय संचालनमा सहजता ल्याउन र लकडाउनको थप अवधिमा गम्भीर पुनर विचार गर्न जोडदार माग गरयो ।

**ख. कर विवरण एवं कर रकम बुझाउने म्याद थपका विषयः**

त्यसैगरी प्रतिनिधिमण्डलले कोभिड-१९ को कारणले गर्दा २०७६ चैत्र ११ देखि जारी लकडाउनबाट उत्पन्न विषम परिस्थितिका कारण आर्थिक कारोबार मात्र बन्द नभई उत्पादन, वितरण लगायत सम्पूर्ण आपूर्ति प्रणाली समेत अत्यन्त कठिन परिस्थितिबाट गुज्रिरहेको अवस्थामा सरकारले दिएको जेठ २५ को समयभित्र कर विवरण र कर रकम बुझाउन कठिन भएको पीडा मुलकभरका उद्यमी व्यवसायीहरूबाट लिखित एवं मौखिक रूपमा महासंघमा आएकाले व्यवसायीहरूको मागलाई सम्बोधन गर्ने गरी आयकर,


P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION. Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np



STOP Child Labour



http://www.fncci.org

मूल्य अभिबृद्धि कर र अन्तःशुल्कको विवरण र कर रकम बुझाउने म्याद २०७७ असार मसान्तसम्म थपगरी सबै उद्यमी व्यवसायीको मनोबल उच्च राख्न आग्रह गर्‍यो ।

**सीसीएमसीबाट संवोधनः**

बैठकमा महासंघ प्रतिनिधिमण्डलका तर्फबाट गराइएको ध्यानाकर्षण पश्चात सीसीएमसीका तर्फबाट सीसीएमसीका संयोजक एवं माननीय उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलले महासंघले लकडाउनमाथि पुनरविचार गर्न, कर विवरण र कर बुझाउने म्याद थप सम्बन्धमा राखेका विषयहरूलाई आफूहरूले गम्भीरतापूर्वक लिएको र समस्या समाधानमा सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो ।

भवदीय,

( धरणीधर खतिवडा )
महानिर्देशक

**बोधार्थः**

श्री पदाधिकारीज्यूहरू, नेउवामहासंघ ।
श्री अध्यक्षज्यूहरू, प्रदेश १, २, वागमती, गण्डकी, ५, कर्णाली र सुदूरपश्चिम, नेउवामहासंघ ।
श्री कार्यकारिणी समितिका सदस्यज्यूहरू, नेउवामहासंघ ।

२०२१
नेपाल

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg, Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour